		सेरोपोजेटिभ (संक्रमित) भएका बिरामीहरुलाई डायलाइसिस उपचार सेवा बापत प्रति सेसन सोधभर्ना	रु. ४,०००	
		पेरिटोनियल डायलाइसिस प्रति बिरामी महिनाको अधिकतम ९० प्याकेटसम्म	तोकिए बमोजिम	
२	मुटु रोग	१. विभिन्न प्रकारका मुटु रोग जस्तै : महाधमनीको शल्यक्रिया गर्नु पर्ने बिरामी २. मुटुमा पेसमेकर तथा स्टेन्ट राख्नु परेमा, एब्लेसन गर्नु परेमा, मुटुको भल्भ पूर्णरुपमा क्षति भएको या मुटु फेल भएको उपचारका लागि	रु. १ लाख सम्म	
३	क्यान्सर	विभिन्न प्रकारका क्यान्सर रोग । ती सम्वन्धी शल्यक्रिया, थप निदानात्मक सेवा, केमोथेरापी, रेडियोथेरापी, औषधि, औषधिजन्य सामग्री, शैया तथा सेवा शुल्कहरु	रु. १ लाख सम्म	

४	पार्किन्सन्स	पार्किन्सन्स रोगमा प्रयोग हुने थप निदानात्मक सेवा, औषधि, औषधिजन्य सामग्री, शैया तथा सेवा शुल्कहरु	रु. १ लाख सम्म	
५	अल्जाइमर	अल्जाइमर रोगमा प्रयोग हुने थप निदानात्मक सेवा, औषधि, औषधिजन्य सामग्री, शैया तथा सेवा शुल्कहरु	रु. १ लाख सम्म	
६	स्पाइनल इन्जुरी	दुर्घटनाजन्य र चोटपटकजन्य बिरामीहरुलाई शल्यक्रिया, औषधि तथा औषधिजन्य सामग्रीहरु, थप निदानात्मक सेवा, शैया सेवा शुल्क स्पाइनल इन्जुरी भई पारालाईसिस भएका बिरामीहरुलाई पुनर्स्थापना सेवाका लागि औषधि, औषधिजन्य सामग्री, शैया तथा सेवा शुल्कहरु	रु. १ लाख सम्म	
७	हेड इन्जुरी	दुर्घटनाजन्य र चोटपटकजन्य बिरामीहरुलाई शल्यक्रिया, औषधि तथा औषधिजन्य सामग्रीहरु, थप निदानात्मक सेवा, शैया सेवा शुल्क तथा पुनर्स्थापना सेवाका लागि समेत	रु. १ लाख सम्म	
८	सिकलसेल एनिमिया	सिकलसेल एनिमिया रोग लागेका बिरामीहरुलाई शल्यक्रिया, औषधि तथा औषधिजन्य सामग्रीहरु, थप निदानात्मक सेवा, शैया सेवा शुल्क आदि	रु. १ लाख सम्म	

"स्वच्छ, स्वस्थ र समृद्ध वडा"

ललितपुर महानगरपालिका

३ नं. वडा कार्यालयको सूचना

आफ्नो घर आँगन आफै सफा राखौं ।

"फोहोरलाई कुहिने र नकुहिने वर्गीकरण गरी श्रोतमै न्यूनीकरण पश्चात मात्र संकलकलाई दिने बानी बसालौं ।"

आफूलाई मन नपर्ने फोहोर कसलाई मन पर्छ र ? त्यसैले जथाभाबी फोहोर फालेको भेटीएमा, फुटपाथ अवरोध र अतिक्रमण गरेमा, उपभोग्य सामाग्रीको गुणस्तर र मूल्यसूची नभएमा स्वीकृति नलिई व्यवसाय वा विज्ञापन गरेमा कानून बमोजिम कडा कारबाही हुने व्यहोरा जानकारी गराईन्छ ।

"भूकम्प प्रतिरोधात्मक घर बनाऔं, निर्माण सम्पन्न प्रमाणपत्र लिने गरी ।"

सम्पर्क : ९८५१०९२९४८

"स्वच्छ, स्वस्थ र समृद्ध वडा"

ललितपुर महानगरपालिका

३ नं. वडा कार्यालय

हाम्रो वडाबाट पाउने सेवाहरू :

- जेटिङ्ग, राउण्डिङ्ग र ग्राउण्डिङ्ग जेट मेशिन,
- वडाबासीको लागि नि:शुल्क शव-वाहन,
- नि:शु:क विद्युतीय गाडी,
- ७० वर्ष उमेर पुरा भएका वृद्धवृद्धाको लागि घर घरमा सिफारिस,
- वडाको सिफारिसमा रक्तसंचार सेवा केन्द्र, पुल्चोक, ललितपुरबाट नि:शुल्क रगत,
- ३५ दिनभित्र जन्म दर्ता गरेमा "एक बच्चा एक उपहार",
- गर्भवती र सुत्केरीलाई पौष्टिक खाद्यान्न बापत रु. २,५००/-,
- शोक सम्तप्त परिवार प्रति समवेदना स्वरुप रु. ५,०००/-,
- स्वास्थ्य बीमा दर्ताको लागि लाग्ने दस्तुरमा ५०% (रु. १७५०/-),
- सुगर र प्रेसर बिरामीको लागि नि:शुल्क औषधि
- सहुलियत दरमा एक घर एक Fire Extinguisher,
- वडा समितिलाई विपन्न नागरिक लागेमा मासिक खाद्यान्न राहत,
- सडक बत्ती मर्मतको लागि फोन नं. ९८०११६२८८०
- सहुलियत दरमा कम्पोष्ट बिन,
- प्लाष्टिक झोला न्यूनीकरणको लागि एक घर एक कपडाको झोला,

जानकारीको लागि :

www.lmcityward3.com,

Facebook: ललितपुर महानगरपालिका वडा नं. ३

"जनप्रतिनिधि र कर्मचारी बीच द्वन्द्ध हुँदा जनता पराजित हुन सक्छ ।"

ललितपुर महानगरपालिका

यल महानगरपालिका

Lalitpur Metropolitan City

३ नं. वडा कार्यालय

पुल्चोक, ललितपुर, बागमती प्रदेश, नेपाल

फोन नं.: ५४२८१८८/९८५१२३६९४८

Facebook: ललितपुर महानगरपालिका वडा नं. ३

www.lmcityward3.com, Apps: lmcity ward 3

वडा कार्यालय भवनमा कार्य शुभारम्भ २०७५ जेठ १२ गते

"जनता नेताको घरमा होइन, नेता जनताको घरमा ।"

स्थानीय सरकार सञ्चालन ऐन, २०७४

प्रमाणीकरण र प्रकाशित
मिति २०७४/०६/२९

संशोधन गर्ने ऐन

१. आर्थिक ऐन, २०७५	२०७५/०३/३२
२. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५	२०७५/११/१९
३. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७	२०७७/०४/१३

संवत् २०७४ सालको ऐन नं. २६

स्थानीय सरकार संचालनका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन

१२. वडा समितिको काम, कर्तब्य र अधिकार :

(१) वडा समितिको काम, कर्तब्य र अधिकार कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाले वडा समितिको काम, कर्तब्य र अधिकार तोक्दा कम्तीमा देहाय बमोजिम हुने गरी तोक्नु पर्नेछ :-

क. वडा भित्रका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन,

(१) सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्ती तथा टोलस्तरीय योजनाको माग सङ्कलन, प्राथमिकीकरण तथा छनौट गर्ने,

(२) टोल विकास संस्थाको गठन र परिचालन तथा वडाभित्र सञ्चालन हुने योजनाहरुका लागि उपभोक्ता समिति गठन तथा

सोको अनुगमन गर्ने,

(३) वडाभित्रका योजना तथा भौतिक पूर्वाधारको संरक्षण, मर्मत सम्भार, रेखदेख तथा ब्यवस्थापन गर्ने ।

ख. तथ्यांक अद्यावधिक तथा संरक्षण

(१) निजी घर तथा घर परिवारको लगत राख्ने,

(२) ऐतिहासिक, पुरातात्विक, साँस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचिन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने,

(३) खुला क्षेत्र, चोक, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला, धार्मिक तथा सांस्कृतिक स्थल, डाँडापाखा, चरनक्षेत्र, पानीको मूल, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुङ्गेधारा, गुठीघर, बाटो, सडक, पुल, पुलेसा, कुलो नहर, पानी घट्ट, मिलको तथ्याङ्क संङ्कलन गरी अद्यावधिक लगत राख्ने, संरक्षण गर्ने र खण्डकृत तथ्याङ्क र सूचना सहितको वडाको पार्श्वचित्र तयार तथा अद्यावधिक गर्ने ।

ग. विकास कार्य

(१) बाल उद्यानको ब्यवस्थापन गर्ने,

(२) अनौपचारिक शिक्षा कार्यक्रम, शिशु स्याहार तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र ब्यवस्थापन गर्ने,

(३) पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र, बालक्लब तथा बालसञ्जालको सञ्चालन र ब्यवस्थापन गर्ने,

(४) वडा तहको स्वास्थ्य संस्था तथा सेवाको ब्यवस्थापन गर्ने,

(५) खोप सेवा कार्यक्रमको सञ्चालन, व्यवस्थापन तथा समन्वय गर्ने,

(६) पोषण कार्यक्रमको सञ्चालन, व्यवस्थापन तथा समन्वय गर्ने,

(७) वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने,

(८) शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिकको सञ्चालन गर्ने, गराउने,

(९) सार्वजनिक शौचालय, स्नान गृह तथा प्रतिक्षालयको निर्माण र व्यवस्थापन गर्ने, गराउने,

(१०) वडास्तरीय सामुदायिक धाराको प्रवन्ध, कुवा, इनार तथा पोखरीको निर्माण, संरक्षण र गुणस्तर नियमन गर्ने,

(११) घरबाट निकास हुने फोहोरमैलाको संकलन र व्यवस्थापन, चोक तथा गल्लीहरुको सरसफाई, ढल निकास, मरेका जनावरको व्यवस्थापन, सतही पानीको निकास तथा पानीको स्रोत संरक्षण गर्ने, गराउने,

(१२) कृषि तथा फलफूल नर्सरीको स्थापना, समन्वय र प्रवर्द्धन तथा वडास्तरीय अगुवा कृषक तालिमको अभिमुखीकरण गर्ने,

(१३) कृषि बीउ बिजन, मल तथा औषधिको माग संकलन गर्ने,

(१४) कृषिमा लाग्ने रोगहरुको विवरण संकलन गर्ने,

(१५) पशुपक्षी विकास तथा छाडा चौपायाको व्यवस्थापन,

(१६) वडाभित्रको चरनक्षेत्र संरक्षण तथा व्यवस्थापन गर्ने,

(१७) स्थानीय समुदायका चाडपर्व, भाषा, संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामूलक तथा सांस्कृतिक कार्यक्रम गर्ने, गराउने,

(१८) स्थानीय मौलिकता झल्किने सांस्कृतिक रीतिरिवाजलाई संरक्षण तथा प्रवर्द्धन गर्ने,

(१९) वडाभित्र खेलकुद पूर्वाधारको विकास गर्ने,

(२०) अन्तरविद्यालय तथा क्लब मार्फत खेलकूद कार्यक्रमको सञ्चालन गर्ने, गराउने,

(२१) वडा क्षेत्रभित्रको बाटोघाटो चालु अवस्थामा राख्ने तथा राख्न सहयोग गर्ने,

(२२) वडाभित्रका सडक अधिकारक्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने,

(२३) बाटोघाटोमा बाढी, पहिरो, हुरी तथा प्राकृतिक प्रकोपबाट उत्पन्न अवरोध पञ्छाउने,

(२४) घरेलु उद्योगको लगत संकलन तथा सम्भाब्यता पहिचान गर्ने,

(२५) वडाभित्र घरेलु उद्योगको प्रवर्द्धन गर्ने,

(२६) प्रचलित कानून बमोजिम ब्यक्तिगत घटना दर्ता, अद्यावधिक तथा सोको अभिलेख संकलन तथा संरक्षण गर्ने,

(२७) ब्यक्तिगत घटना दर्ता सम्वन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने,

(२८) सामाजिक सुरक्षा भत्ता वितरण तथा अभिलेख अद्यावधिक गर्ने,

(२९) वडालाई बालमैत्री बनाउने,

(३०) वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका ब्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्वन्धी काम गर्ने,

(३१) विभिन्न समुदायबीच सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने,

(३२) बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने,

(३३) प्रचलित कानूनको अधीनमा रही मालपोत तथा भूमि कर, ब्यवसाय कर, बहाल कर, विज्ञापन कर, स-शुल्क पार्किङ्ग, नयाँ ब्यवसाय दर्ता, सिफारिस दस्तुर, सवारी साधन कर, मनोरञ्जन करको लेखाजोखा र संकलन गरी सम्वन्धित गाउँपालिका वा नगरपालिकामा प्रतिवेदन सहित रकम बुझाउने,

(३४) अशक्त विरामी भएको बेवारिस वा असहाय ब्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुऱ्याई औषधी उपचार गराउने,

(३५) असहाय वा बेवारिस ब्यक्तिको मृत्यु भएमा निजको दाह संस्कारको ब्यवस्था मिलाउने ।

(३६) सडक बालबालिकाको उद्धार र पुनर्स्थापनाको लागि लगत संकलन गर्ने,

(३७) वडाभित्रको सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने,

(३८) वडा, टोल, बस्तीस्तरमा हरियाली क्षेत्र विस्तार गर्ने, गराउने,

(३९) वडालाई वातावरणमैत्री बनाउने,

(४०) प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण

खोप, खुला दिशामुक्त सरसफाई, वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रवर्द्धनात्मक कार्यहरु गर्ने, गराउने,

(४१) वडाभित्र घरबास पर्यटन (होम स्टे) कार्यक्रम प्रवर्द्धन गर्ने ।

घ. नियमन कार्य

(१) वडाभित्र सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरुका कार्यको अनुगमन तथा नियमन गर्ने,

(२) सिकर्मी, डकर्मीलाई भूकम्प प्रतिरोधी भवन निर्माण सम्वन्धी तालिम दिने,

(३) खाद्यान्न, माछा, मासु, तरकारी, फलफुल, पेय पदार्थ तथा उपभोग्य सामाग्रीको गुणस्तर र मूल्यसूची अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने,

(४) वडाभित्रका उद्योग धन्दा र ब्यवसायको प्रवर्द्धन गरी लगत राख्ने,

(५) हाट बजारको ब्यवस्थापन गर्ने, गराउने,

(६) विद्युत चुहावट तथा चोरी नियन्त्रणमा सहयोग गर्ने ।

ङ सिफारिस तथा प्रमाणित गर्ने

(१) नाता प्रमाणित गर्ने,

(२) नागरिकता तथा नागरिकताको प्रतिलिपि लिनका लागि सिफारिस गर्ने,

(३) बहाल करको लेखाजोखा सिफारिस गर्ने,

(४) बन्द घर तथा कोठा खोल्न रोहबरमा बस्ने,

(५) मोही लगत कट्टाको सिफारिस गर्ने,

(६) घर जग्गा करको लेखाजोखा सिफारिस गर्ने,

(७) जन्म मिति प्रमाणित गर्ने,

(८) ब्यापार ब्यवसाय बन्द भएको, सञ्चालन नभएको वा ब्यापार ब्यवसाय हुँदै नभएको सिफारिस गर्ने,

(९) विवाह प्रमाणित तथा अविवाहित प्रमाणित गर्ने,

(१०) निःशुल्क वा सःशुल्क स्वास्थ्य उपचारको सिफारिस गर्ने,

(११) वडाबाट जारी हुने सिफारिस तथा अन्य कागजलाई अंग्रेजी भाषामा समेत सिफारिस तथा प्रमाणित गर्ने,

(१२) घर पाताल प्रमाणित गर्ने,

(१३) ब्यक्तिगत विवरण प्रमाणित गर्ने,

(१४) जग्गा धनी दर्ता प्रमाणपुर्जामा घर कायम गर्न सिफारिस गर्ने,

(१५) कुनै ब्यक्तिको नाम, थर, जन्म मिति तथा वतन फरक फरक भएको भए सो ब्यक्ति एकै हो भन्ने सिफारिस गर्ने,

(१६) नाम, थर, जन्म मिति संशोधनको सिफारिस गर्ने,

(१७) जग्गा धनी दर्ता प्रमाणपुर्जा हराएको सिफारिस गर्ने,

(१८) कित्ताकाट गर्न सिफारिस गर्ने,

(१९) संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र ब्यक्तिगत संरक्षक सिफारिस गर्ने,

(२०) जीवितसंगको नाता प्रमाणित गर्ने,

(२१) मृतकसंगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस गर्ने,

(२२) जीवित रहेको सिफारिस गर्ने,

(२३) हकवाला वा हकदार प्रमाणित गर्ने,

(२४) नामसारी गर्न सिफारिस गर्ने,

(२५) जग्गाको हक सम्वन्धमा सिफारिस गर्ने,

(२६) उद्योग ठाउँसारी गर्न सिफारिस गर्ने,

(२७) आधारभूत विद्यालय खोल्न सिफारिस गर्ने,

(२८) जग्गा मूल्यांकन सिफारिस गर्ने,

(२९) विद्यालयको कक्षा थप गर्न सिफारिस गर्ने,

(३०) अशक्त, असहाय तथा अनाथको पालन पोषणको लागि सिफारिस गर्ने,

(३१)वैवाहिक अङ्गीकृत नागरिकता सिफारिस गर्ने,

(३२)आर्थिक अवस्था कमजोर वा सम्पन्न रहेको सम्वन्धी सिफारिस गर्ने,

(३३)विद्यालय ठाउँसारी गर्न सिफारिस गर्ने,

(३४) धारा तथा विद्युत जडानको लागि सिफारिस गर्ने,

(३४क) जातीय पहिचान र जातीय सिफारिसको कार्य गर्ने

(३५) ढल जाम भएमा जेट मेशिनको लागि सिफारिस

(३६) बिपन्न वर्गको सिफारिस

(३७) बृद्ध, बिधवा वा एकल महिला सिफारिस

(३८) ढल वा खानेपानी राख्न बाटो खन्न सिफारिस

(३९) डिप बोरिङ्गको लागि सिफारिस

(४०) विद्यार्थी छात्रबृत्तिको सिफारिस

(४१) प्रचलित कानून अनुसार प्रत्यायोजित अधिकार बमोजिम अन्य सिफारिस वा प्रमाणित गर्ने ।

(३) उपदफा (१) बमोजिम कार्यपालिकाबाट वडा समितिको काम कर्तब्य र अधिकार नतोकिएसम्म वडा समितिले उपदफा (२) बमोजिमको काम, कर्तब्य र अधिकार प्रयोग गर्नेछ ।

(४) वडाबाट गरिने कार्य वडा कार्यालयको नाममा हुनेछ

२०७९ साल बैशाख ३० गते भएको स्थानीय तहको निर्वाचनमा अभिव्यक्त गरेका हाम्रा प्रतिवद्धताहरु

१) कार्यालयमा सुशासन र पारदर्शिता,
२) आवश्यक पूर्वाधार विकास कार्यलाई निरन्तरता,
३) अमूर्त संस्कृतिको जगेर्ना, मूर्त सम्पदाको संरक्षण,
४) सार्वजनिक जग्गा संरक्षण,
५) वडाको फोहोर संकलन र विसर्जन,
६) उद्यमशील स्वरोजगारलाई निरन्तरता,
७) निजी साझेदारी कार्यक्रम,
८) जनसहभागितामूलक कार्यक्रम,
९) व्यावसायिक ट्रेनिङ्ग सेन्टर भवन पूर्णता
१०) अपाङ्गमैत्री फुटपाथ निर्माण,
११) सरकारी क्याम्पसमा स्नातक तह नि:शुल्क अध्ययन,
१२) विद्यालय तहमा छात्रवृत्तिको व्यवस्था,
१३) वडा स्वास्थ्य केन्द्रलाई निरन्तरता (वर्षमा एक पटक नि:शुल्क स्वास्थ्य परीक्षण)
१४) तीन तीन महिनामा टोल टोलमा भेटघाट,
१५) जनहितका कार्यक्रमलाई थप र निरन्तरता,
१६) Air Purifier and Pollution Controller थप गर्ने,
१७) बाल उद्यान केन्द्र निर्माण,
१८) शिक्षामा पहुँच र गुणस्तरमा सुधार,
१९) ज्येष्ठ नागरिक मिलन केन्द्र र ज्येष्ठ नागरिक सम्मान,
२०) जनताको गुनासो सुनुवाईका लागि टोलटोलमा गुनासो पेटीका राखी गुनासो संकलन गरी प्राप्त गुनासोको सम्वोधन गर्ने ।
२१) सचेतना कार्यक्रम : क) बालबालिका ख) युवा ग) महिला हिंसा विरुद्ध घ) अपाङ्गता भएका व्यक्ति ङ) लैङ्गिक समानता च) स्वास्थ्य र शिक्षा, अन्य आवश्यक्तामा आधारित तालिम कार्यक्रम ।

"सृष्टि सेवा समाधि"

"जहाँ सृष्टि त्यहाँ सेवा, जहाँ सेवा त्यहाँ समाधि"

ललितपुर महानगरपालिका
३ नं. वडा समिति

हामीले के गऱ्यौं ?? के गर्न सकेनौं ?

१) अपाङ्गमैत्री भवन,

२) अपाङ्गमैत्री बडापत्र,

३) अपाङ्गमैत्री फुटपाथ,

४) सिसि क्यामरा,

५) बिना लगानी ट्राफिक बत्ती,

६) सडक सोलार बत्ती,

७) पञ्चवर्षीय आवधिक योजना,

८) वडामा Walkie Talkie,

९) खुल्ला व्यायामशालाको शुरुवात,

१०) प्लाष्टिक झोला न्यूनीकरणको लागि कपडाको झोला वितरण,

११) वडाको web: lmcityward3.com, Apps: Naagarik ward3,

१२) ७० वर्ष उमेर माथिका बृद्धवद्धाको लागि घर घरमा सिफारिस,

१३) वडा क्षेत्रमा जथाभाबी पर्चा/पोष्टर/तुल/ब्यानर पोल तथा भित्ताहरुमा झुण्ड्याउन तथा टाँस्न निषेध,

१४) वडाका पुरातात्विक सम्पदाहरुको पार्श्वचित्र,

१५) अपाङ्गता भएका व्यक्तिको लागि रिफ्रेसर तालिम र औषधि वितरण,

१६) सचेतना कार्यक्रम :

- वडा स्तरीय मातृ शिशु स्वास्थ्य सेवा केन्द्र,

- महिला हिंसा र लैङ्गिक समानता,
- वडा रेडक्रस कार्यक्रम,
- बालबालिका अभिमुखीकरण,
- युवा अभिमुखीकरण,
- एकल महिला कार्यक्रम,
- कौसी खेतीको लागि बीउ वितरण कानूनी साक्षरता,
- सुरक्षाको लागि एक घर एक चिम (Bulb) ।

१७) जनहित कार्यक्रम :

- वडाको सिफारिसमा रक्त संचार केन्द्र, पुल्चोकबाट नि:शुल्क रगत,
- ७० वर्ष उमेर माथिका बृद्धवद्धाको लागि Lab in Bag द्वारा घर घरमा स्वास्थ्य परीक्षण,
- निकासा खोल्न जेटिङ्ग, राउडिङ्ग र ग्राउडिङ्ग मेशिन ,
- नि:शुल्क विद्युतीय गाडी सञ्चालन,
- ३५ दिनभित्र जन्म दर्ता गर्न आएमा "एक बच्चा एक उपहार",
- कोही नभएको केही नभएको "एकल पुरुष भत्ता",
- अपाङ्गता भएको व्यक्तिलाई नि:शुल्क निमोनिया भ्याक्सिन,
- दीर्घ रोगी (सुगर र प्रेसर) को लागि नि:शुल्क औषधि र महिनामा एक पटक सुगर जाँच,
- विपन्न परिवारको लागि- "धारा, बत्ती र शिक्षा",
- विपन्न परिवारको लागि- "न्यूनतम विद्युत र धाराको महशुल भुक्तानी",
- विपन्न नागरिकको लागि मासिक एक बोरा चामल र ५ के.जी दाल राहत सहयोग,
- घर घरमा पाठेघरको मुखको क्यान्सर परीक्षण HPV DNA Test,

- गर्भवती र सुत्केरीलाई पौष्टिक खाद्यान्नको लागि सहयोग स्वरुप प्रति व्यक्ति रु. २,५००/-,
- ३५ दिनभित्र ३ नं. वडा कार्यालयबाट मृत्यु दर्ता गरी नाता पेश गरेमा शोक सम्तप्त परिवार प्रति समवेदना स्वरुप ५,००० सहयोग,
- स्वास्थ्य बीमा पहिलो दर्ताको लागि सहयोग स्वरुप रु. १,७५०/-,
- आगोबाट सुरक्षित रहन सहुलियत दरमा एक घर एक Fire Extinguisher,
- सहुलियत दरमा कम्पोष्ट बिन,
- ७५ वर्ष पुगेका वृद्ध वृद्धाको लागि रुघा, खोकीको ईनफ्यूएन्जा भ्याक्सिन ।
- ६८ वर्ष पूरा भएका जेष्ठ नागरिकको लागि ललितपुर महानगरपालिकाबाट निमोनिया भ्याक्सिन ।

१८) सचेतनाको लागि स्टीकर छपाई
- घरेलु फोहोरलाई श्रोतमै वर्गीकरण गरौं ।
- जथाभावी फोहोर नफाल्नु होला ।
- जहाँतही कुकुरलाई आची नगराउनु होला ।
- कृपया १८ वर्ष मुनिका बालबालिकालाई धुम्रपान र मद्यपान बिक्री नगरिदिनु होला ।
- धुम्रपान बिक्री नगर्ने कानूनी स्टीकर ।
- अति आवश्यक टेलिफोन नंम्बरहरु ।

१९) व्यावसायिक ट्रेनिङ्ग सेन्टर भवन निर्माण,

२०) वडाको पहल मेट्रिक प्रणालीको घर नम्बर,

२१) निर्माण सम्पन्नमा २ रुख/बिरुवा एक Fire Extinguisher र पर्यावरण बचाउन २ वटा चराचुरुङ्गी बस्ने प्वाल,

२२) Movable Toilet,

२३) उद्यमशील स्वरोजगार कार्यक्रम संचालन,

२४) वडा परिचय पत्र,

२५) कानूनी परामर्श सेवा,

२६) जेष्ठ नागरिक मिलन केन्द्र,

२७) ३ नं. वडाबाट सामाजिक सुक्षा भत्ता पाउनु भएका ७५ वर्ष पूरा भएका वृद्ध वृद्धाहरुको सामुहिक जन्मोत्सव, भेटघाट तथा उपहार वितरण कार्यक्रम "तपाई एक्लो हुनु हुन्न, हामी तपाईको साथमा छौं",

२८) सामुदायिक स्कुलको लागि "निगरानी" Apps र कापी, कलम वितरण:

- वडाबाट छात्रवृत्ति कार्यक्रम,
- सामुदायिक स्कुलका विद्यार्थीहरुको लागि नि:शुल्क क्यालेण्डर, डायरी, कापी र अति गरीवको लागि पोशाक,
- कक्षा ८ सम्म र १२ सम्म अध्ययनरत जेहेन्दार विद्यार्थीलाई २५, २५ हजार,
- कक्षा इसिसि पास भएका छात्र/छात्रालाई १०, १० हजार ,कक्षा १२ पास भएका छात्र/छात्रालाई १०, १० हजार ।
- स्नातक तह अध्ययनरत दलित विद्यार्थीको लागि ीबउतयउ हस्तान्तरण
- वडा नं. ३ मा स्थायी बसोबास गर्ने अभिभावकहरुको आफ्नो छोराछोरीलाई सामुदायिक विद्यालयमा अध्ययन गराउनु भएमा वडाको तर्फबाट प्रोत्साहन स्वरुप प्रति विद्यार्थी मासिक रु. ५००/-
- वडा नं. ३ मा स्थायी बसोबास गर्ने अभिभावकहरुको आफ्नो छोराछोरीलाई सरकारी क्याम्पसमा स्नातक तह (प्राविधिक बाहेक) मा अध्ययन गराउनु भएमा पहिलो वर्षको शुल्कमा छात्रवृत्ति
- सबै विषयमा उत्तिर्ण भएमा कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थी ५५ जनालाई द ब्रितिस स्कुलको तर्फबाट छात्रवृत्ति प्रदान

- शरुमा सेवा शुल्क तिरेपछि हरेक वर्षका रिजल्टमा ६0% र हाजिरीमा ८0% भएमा सेवा शुल्कमा छुट

२९) ईन्टेलिजेन्ट (विवेकशील) सडक बत्ती,

३0) Lighting Fountain Lamochaur Park,

३१) स्वेतपत्र जारी,

३२) सामाजिक सुरक्षा भत्ता प्राप्त व्यक्तित्वको सम्मान,

३३) Roof Top Solar Pv Grid Tied System,

३४) वडा स्वास्थ्य कार्यान्वयन समितिद्वारा सञ्चालित वडा स्वास्थ्य केन्द्रमा स्वास्थ्य जाँच तथा परीक्षणको वडा स्वास्थ्य परिचयपत्र (स्वस्थको लागि स्वास्थ्य परीक्षण),

३५) युवाको आविष्कारमा वडाको सहभागीता,

३६) No Smoking Zone,

३७) सवारी वायु प्रदुषण यन्त्र,

३८) नकुहिने फोहोरबाट ब्लक बनाउने मेसिन,

३९) बहुतल्ले पार्किङ्गको प्रस्ताव पेश,

४0) कुहिने फोहोरबाट Bio Gas,

४१) वडामा समिक्षात्मक कार्यक्रम,

४२) वडा क्षेत्रभित्र कुचो लाउन कुचीकारको व्यवस्था,

४३) रोबर्ट बडापत्र,

४४) पुरानो कागजबाट ब्रिगेट बनाउने तालिम,

४५) रौ बाट फर्टिलाइजर बनाउने तालिम,

४६) Waste Paper Recycling,

४७) सडकमा कुचो लगाउन सफाईकर्मी,

४८) Unicsolar Shower Station संञ्चालन,

४९) विद्यार्थी छात्रवृत्ति तथा सम्मान कोष

५०) वडा स्वास्थ्य केन्द्र सञ्चालन अक्षय कोष

५१) असहाय तथा विपन्न नागरिक उपकार सेवा अक्षय कोष

५२) फोहोर प्रशोधन केन्द्र
   - फोहोर संकलनको लागि ईभि गाडी खरिद ।
   - घर घरमा रातो र हरियो बाल्टिन वितरण ।
   - मेशिन खरिद ।

५३) ठाडोढुङ्गाको "हाम्रो घर" बाट दिने सेवाहरु
   - वडा स्वास्थ्य केन्द्र ।
   - वडा योग कक्षा ।
   - दाँत क्लिनिक ।
   - व्यावसायिक तालिम र घरायसी सामान मर्मत ।
   - वडा महिला समूहद्वारा उत्पादित सामान बिक्री केन्द्र ।
   - विषादी परीक्षण केन्द्र ।

५४) Smart Digital Bus Stand Project

५५) "रोजगारीमा युवा" Learning and doing

५६) रेडियो प्रशारण, (हरेक दिन बिहान ७ बजे रेडियो नेसन १०३.९ मेगाहर्ज)

५७) USG Machine (अल्ट्रासाउण्ड मेशिन)

५८) Colorectal Cancer Test (शुरुको अवस्था पत्ता लगाउन दिशाबाट पेटको क्यान्सरको परीक्षण)

५९) ठाउँ चिनारी (सडकको दायाँ बायाँ रंगरोगन) ।

६०) विषादी रहित तरकारी बिक्री स्थल ।

नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

एकपटकलाई नाम र जन्ममिति सच्याउन पाइने

कुनै व्यक्तिगत घटना दर्ताको प्रमाणपत्रमा उल्लिखित नाम, थर उमेर वा अन्य विवरणमा त्रुटि भई वा फरक परी सच्याउनु परेमा सम्वन्धित व्यक्तिले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण (दोस्रो संशोधन) नियमावली, २०८२ को अनुसूची-२६ बमोजिमको ढाँचामा स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा निवेदन दिनु पर्नेछ-

(क) जन्मदर्ता प्रमाणपत्रको हकमा,

(ख) मृत्यु दर्ता प्रमाणपत्रको हकमा,

(ग) विवाह दर्ता प्रमाणपत्रको हकमा,

(घ) सम्बन्ध विच्छेद दर्ता प्रमाणपत्रको हकमा र

(ङ) बसाइँ सराई दर्ता प्रमाणपत्रको हकमा ।

सो को आधार र शैक्षिक प्रमाणपत्रको आधारमा नागरिकता प्रमाणपत्र पनि संशोधनकासाथ प्रतिलिपि लिन सकिनेछ ।

धुम्रपान र मद्यपान छोड्ने वाक्याशं मनन् गरौं ।

आफूलाई जन्म दिने आमा, बुबालाई छोडेर जानु पर्छ ।

जिन्दगी बिताउन ल्याएकी श्रीमतीलाई छोडेर जानु पर्छ ।

आफूले जन्म दिएका छोरा छोरीलाई छोडेर जानु पर्छ भने

त्यो त

अरुले बनाएको आफूले खाने वा पिउने चिज हो ।

त्यसैले,

धुम्रपान र मद्यपान अहिले नै छाडौं । स्वस्थ जीवन जिउने गरौं ।

नागरिकता प्रमाणपत्र बनाउन आवश्यक पर्ने कागजातहरू:-

१) नयाँ नागरिकताको हकमा :

अनुसूची १ को Online सिफारिस

- बाबुको नागरिकता,
- आमाको नागरिकता,
- जन्मदर्ता प्रमाणपत्र,
- शैक्षिक प्रमाणपत्र भए सोको छायाँकपी ।

बाबुको नागरिकता नभएको अवस्थामा :-

- बाबुको मृत्यु दर्ता,
- हजुरबुबा, काकाको नागरिकता र नाता प्रमाणित,
- जग्गाधनी प्रमाणपत्र,
- स्थायी बसोबास रहेको फोटो सहितको किटानी सिफारिस,
- दाजुभाईको नागरिकता भए सो को छायाँकपी ।

२) प्रतिलिपि नागरिकताको हकमा :

सक्कल नागरिकता प्रमाणपत्र भए रेकर्ड भएको हकमा :-

- वडा कार्यालयबाट अनुसूची फारम २ सिफारिस,
- सक्कल नागरिकता वा फोटोकपी ।

कार्यालय अभिलेख र सक्कल नागरिकता प्रमाणपत्रमा विवरण फरक परेमा :-

- नयाँ प्रक्रिया अनुसार अनुसूची फारम २ सहितको कागजात माग गर्ने ।

सक्कल नागरिकता प्रमाणपत्र भए रेकर्ड नभएको हकमा :-

- वडा कार्यालयबाट अनुसूची फारम २ सिफारिस

- सक्कल नागरिकता,
- मतदाता परिचयपत्र,
- जग्गाधनी प्रमाणपत्र,
- तीनपुस्ता भित्रको नागरिकता प्रमाणपत्र र सनाखत ।

सक्कल नागरिकता प्रमाणपत्र केरमेट/अस्पष्ट भएमा साथै सक्कल नागरिकता नभएमा :-

- वडा कार्यालयबाट अनुसूची फारम २ सिफारिस
- सक्कल नागरिकता,
- मतदाता परिचयपत्र,
- जग्गाधनी प्रमाणपत्र,
- तीनपुस्ता भित्रको नागरिकता प्रमाणपत्र र सनाखत,
- नागरिकता नम्बर र जन्ममिति सहितको तीन पुस्ता भित्रको नाता प्रमाणित,
- स्थायी बसोबास रहेको फोटो सहितको किटानी सिफारिस र जन्म प्रमाणित,
- जग्गाधनी प्रमाणपत्र भए मालपोत कार्यालयबाट लिखत प्रमाणित र प्रहरी सर्जमिन ।

३) बसाइँसराइ गराई आएको अवस्थामा :

- निबेदन,
- बसाइँसराइ आएको जिल्लाबाट प्रमाणित CCIMS,
- एकासगोल परिवारको नागरिकता प्रमाणपत्र र सनाखत,
- जग्गाधनी प्रमाणपत्र र मतदाता परिचयपत्र ।

४) नेपाल नागरिकता (चौथो संशोधन) नियमावली, २०८२ बमोजिम

➢ पितृत्व र मातृत्वको ठेगान नभएको व्यक्तिको नागरिकताको प्रमाणपत्र जारी गर्दा कार्यालयको अभिलेखमा निजको पितृत्व र मातृत्वको ठेगान नभएको

व्यहोरा जनाई निजले प्राप्त गर्ने नागरिकताको प्रमाणपत्रमा बाबु र आमाको नाम उल्लेख गर्नुपर्ने स्थानमा कुनै व्यहोरा उल्लेख नगरी खाली राख्नु पर्नेछ ।

तर निजको संरक्षक भएमा नागरिकता प्रमाणपत्रमा संरक्षकको नाम, थर र ठेगाना खुलाउनु पर्नेछ ।

- बाबुको नागरिकताको आधारमा कुनै विदेशी मुलुकको नागरिकता नलिएको भनी निजले र निजको आमाले अनुसूची-७क. बमोजिम गरेको स्वघोषणा । तर निवेदन दिंदाका बखत आमाको मृत्यु भइसकेकोमा मृत्यु दर्ता प्रमाणपत्र वा होस ठेगानमा नरहेकोमा सोही व्यहोरा खुलाई स्वीकृत चिकित्सकले गरेको सिफारिस सहित निवेदकले गरेको अनुसूची-क. बमोजिमको स्वघोषणा संलग्न गर्नु पर्नेछ ।
- बाबु र आमा मध्ये कुनै एकले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेको र अर्काको नेपाली नागरिकता प्राप्त गर्नु अगावै मृत्यु भएको वा सम्पर्कविहीन भएका व्यक्तिको सन्तानको हकमा त्यस्तो सन्तानले सोह्र वर्ष उमेर पूरा भई ऐनको दफा ५ को उपदफा (५क) बमोजिम अङ्गीकृत नागरिकता लिन चाहेमा देहायका कागजात संलग्न राखी अनुसूची-७ बमोजिमको निवेदन दिनु पर्नेछ :-
- नेपालको नागरिक आमाबाट विदेशमा जन्म भई नेपालमा स्थायी बसोबास गरेको, विदेशको नागरिकता वा राहदानी नलिएको र बाबुको पहिचान नभएको सोह्र वर्ष उमेर पूरा भएको व्यक्तिले अङ्गीकृत नेपाली नागरिकता लिन चाहेमा देहायका कागजात संलग्न राखी अनुसूची-७ बमोजिमको ढाँचामा प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

परिच्छेद-९

घर बहाल सम्बन्धी व्यवस्था

४०१. बहालमा लिने व्यक्तिलाई हटाउन सक्ने :

(१) देहायका कुनै अवस्थामा घरधनीले बहालमा लिने व्यक्तिलाई घरबाट हटाउन सक्नेछ :

(क) बहालमा बस्ने व्यक्तिले आफ्नो दायित्व पूरा नगरेमा,

(ख) बहालमा बस्ने व्यक्तिले बहालमा लिएको घरभित्र कानूनले निषेध गरेको कसूरजन्य कुनै क्रियाकलाप गरेमा,

(ग) घर धनी आफैलाई घर आवश्यक भएमा,

(घ) घरबाट मानिस हटाई घरको मर्मत सम्भार गर्नु परेमा,

(ङ) प्राविधिक तथा स्वास्थ्यका दृष्टिले बहालमा दिएको घरमा मानिस बसोबास गर्न उपयुक्त नदेखिएमा,

(च) घर बहालको अवधि समाप्त भएमा,

(छ) बहालमा बस्ने व्यक्तिले सम्झौता वा यस परिच्छेद विपरीत कुनै काम गरेमा, दफा ३९५ को उपदफा (५) को अवस्ता कायम भएमा ।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमको अबस्थामा बहालमा लिएको व्यक्तिलाई घरबाट हटाउनु परेमा घरधनीले कम्तीमा पैतीस दिनको अग्रिम लिखित सूचना दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम घरधनीले बहालमा लिएको व्यक्तिलाई हटाएकोमा त्यस्तो घर आफूले प्रयोग नगरी तीन महिनासम्म अन्य व्यक्तिलाई बहालमा दिन पाउने छैन ।

४०४. घर खाली गराउन सक्ने :

१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि घर कुनै व्यक्ति बिना सूचना तीन महिना वा सोभन्दा बढी अवधिसम्म बहाल रकम नबुझाई बेपत्ता भएमा र निजलाई सार्वजनिक रुपमा सूचना गर्दा वा निजको ठेगानामा पत्राचार गर्दा पनि फेला नपरेमा वा फेला परे पनि निज वा निजका कुनै हकवाला वा प्रतिनिधि उपस्थित नभएमा घरधनीले स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा त्यस्तो व्यहोराको निवेदन दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम निवेदन परेमा सम्बन्धित वडा कार्यालयले पन्ध्र दिनको सूचना दिई बहालवालालाई उपस्थित हुन सार्वजनिक सूचना गर्नेछ ।

घर बहाल सम्बन्धी कार्य गर्न घर धनीले स्थानीय तहमा सम्झौता बमोजिमको बहाल कर बुझाएको हुनु पर्नेछ ।

परिच्छेद-१५

लेनदेन व्यवहार सम्बन्धी व्यवस्था

४७४. लेनदेन भएको मानिने :

(१) दुई वा दुईभन्दा बढी व्यक्तिहरु बीच कुनै शर्त राखी कुनै रकम वा वस्तु लिनु दिनु गरेमा निजहरु बीच लेनदेन भएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम लेनदेन भएकोमा रकम वा वस्तु लिनेले रकम वा वस्तु दिनेलाई त्यस्तो रकम वा वस्तु फिर्ता गर्नु पर्नेछ ।

४७७. लिखतमा खुलाउनु पर्ने कुराहरु : लेनदेन गर्दा लेनदेन व्यवहारको प्रकृति बमोजिम देहायका कुराहरु खुलाउनु पर्नेछ :-

(क) लेनदेन गर्ने व्यक्तिहरुको नाम, थर, उमेर, ठेगाना तथा बाबु, आमा, बाजे,

बजैको नाम,

तर विवाहित व्यक्तिले भए पति, पत्नीको नाम

समेत उल्लेख गर्नु पर्नेछ ।

(ख) लेनदेन गर्नु परेको कारण,

(ग) लेनदेनकाु परिमाण,

(घ) कुनै वस्तु लेनदेन गरेकोमा त्यस्तो वस्तुको मूल्य,

(ङ) कुनै वस्तु निश्चित समय पछि फिर्ता गर्ने गरी सापटी, पैंचो वा अन्य तवरले लिनु दिनु गरेको भए त्यस्तो व्यहोरा,

(च) कुनै वस्तु सट्टापट्टा गरेको भए त्यस्तो व्यहोरा,

(छ) लेनदेन गरेको रकम बुझाउने मिति,

(ज) लेनदेन गर्दा ब्याज लिने, दिने भए ब्याजको दर,

(झ) लेनदेनको रकम निर्धारित समयमा नबुझाए वा लिखत बमोजिमको अन्य शर्त पूरा नगरेमा लेनदेन बमोजिमको रकम साहूले ऋणीको सम्पत्तिबाट असुल गरी लिन पाउने कुरा,

(ञ) लिखत गरिएको ठाउँ,

(ञ१)लिखत तयार गर्दाका बखत साहु र ऋणीको कम्तीमा एक-एकजना साक्षीको नाम, थर र ठेगाना,

(ट) लिखत तयार गरिएको मिति,

(ठ) लेनदेनको प्रकृति बमोजिम खुलाउनु पर्ने अन्य आवश्यक कुराहरु ।

४८४. घरसारमा भएको लिखतको अवधि :

(१) यस परिच्छेद बमोजिम घरसारमा भएको लिखतको अवधि बढीमा दश वर्षको हुनेछ ।

परिच्छेद-१०

अंशबण्डा सम्बन्धी व्यवस्था

मुलुकी देवानी संहिता २०७४ को परिच्छेद १० (दफा २०५ देखि दफा २३६) मा अंशबण्डा सम्बन्धित व्यवस्था गारिएको छ ।

२०५. अंशियार मानिने: सगोलको सम्पत्ति अंशबण्डा गर्ने प्रयोजनको लागि यस परिच्छेदको अन्य दफाको अधीनमा रही पति, पत्नी, बाबु, आमा, छोरा, छोरी अंशियार मानिनेछन् ।

२०६. अंशको समान हकदार हुने ।

२०७. वैवाहिक सम्बन्ध अन्त्य भएका दम्पतिबाट जन्मेका छोरा, छोरीले अंश पाउने ।

२०८. आमाबाट अंश पाउने ।

२०९. बाबु वा पतिको भागबाट अंश पाउने ।

२१०. पछिल्लो पत्नी वा सन्तानले पति वा बाबुको भागबाट अंश पाउने ।

२११. अंश लिन सक्ने ।

२१२. जहिलेसुकै भिन्न हुन सक्ने ।

२१३. पति वा पत्नीले अंश लिई भिन्न हुन सक्ने: दफा २११ मा जुनसुकै कुरा लेखिएको भए तापनि पति वा पत्नीले देहायका कुनै अवस्थामा जहिलेसुकै आफ्नो अंश लिई भिन्न हुन सक्नेछ ।

२१४. विधवाले अंश लिई भिन्न हुन सक्ने ।

२१५. अंश छोडपत्र गर्न सक्ने ।

मद्यपान र धूम्रपानले स्वास्थ्यमा पार्ने गम्भीर असरः टाढा रहनुको महत्व र जीवनशैली परिवर्तनको आवश्यकता

विश्वभरि हरेक वर्ष लाखौं मानिसको मृत्युको प्रमुख कारण मद्यपान र धूम्रपान बनेको छ । नेपालमा पनि यी दुबै बानीले विभिन्न दीर्घरोगहरू निम्त्याउँदै सामाजिक, पारिवारिक र आर्थिक पक्षमा समेत विनाशकारी प्रभाव पारिरहेका छन् । स्वास्थ्य विज्ञहरू र सामाजिक अभियन्ताहरूले समयमै सचेत हुन आग्रह गर्दै, "मद्यपान र धूम्रपानबाट टाढिँदै जीवनशैली सुधार गर्नु अहिलेको सबैभन्दा जरुरी कदम हो," भन्छन् ।

मद्यपानको असर

नेपालमा युवा पुस्ता माझ मद्यपान सामान्य बन्दै गएको देखिन्छ । यद्यपि यसको असर गहिरो र दीर्घकालीन हुन्छ ।

- यकृत (लिभर) समस्या: लगातार र अत्यधिक मद्यपानले फ्याटी लिभर, हेपाटाइटिस, सिरोसिस र अन्ततः लिभर क्यान्सरको जोखिम बढाउँछ ।
- मस्तिष्क र मानसिक स्वास्थ्यमा प्रभावः अल्कोहलले निर्णय क्षमता घटाउँछ,
- तनाव र डिप्रेशन बढाउँछ ।
- हृदय रोगः अत्यधिक मद्यपानले उच्च रक्तचाप, अनियमित हृदयगति र स्ट्रोकको जोखिम निम्त्याउँछ ।
- पारिवारिक हिंसा र दुर्घटनाहरूः मद्यपानसँग जोडिएका घरेलु हिंसा, ट्राफिक दुर्घटना र आत्महत्याका घटनाहरू दिनप्रतिदिन बढ्दै गएका छन् ।

धूम्रपानको असर

धूम्रपानलाई (धीरे विषपान) भनिन्छ, जसको प्रभाव दीर्घकालीन र गम्भीर हुन्छ

- फोक्सोको क्यान्सर र श्वासप्रश्वास समस्याः नेपालमा फोक्सो क्यान्सरका ८०% केसहरू धूम्रपानसँग प्रत्यक्ष सम्बन्धित छन् ।

- हृदयघात र स्ट्रोक: निकोटिनले रक्तनली साँघुरो बनाउँछ, जसले मुटु र मस्तिष्कमा रक्तसञ्चार रोक्न सक्छ ।
- शरीरको रोग प्रतिरोधात्मक क्षमता घटाउने: धूम्रपानले शरीरलाई रोगसँग लड्न कमजोर बनाउँछ, जुन साना रोगहरू पनि घातक बन्न सक्छन् ।

सामाजिक र आर्थिक असर

परिवारमा तनाव, सम्बन्ध विच्छेद, घरेलु हिंसा लगायतका घटनाहरूमा मद्यपान र धूम्रपानले महत्वपूर्ण भूमिका खेल्छ ।

स्वास्थ्य उपचारमा लाग्ने खर्चले आर्थिक संकट निम्त्याउँछ । एक अध्ययन अनुसार, नेपाली परिवारको औसत स्वास्थ्य खर्चको ३०% मद्यपान वा धूम्रपानजन्य रोगहरूको उपचारमा जान्छ ।

बदलिँदो जीवनशैलीको आवश्यकता

विशेषज्ञहरूको सुझावअनुसार, स्वस्थ जीवनशैलीका लागि निम्न उपायहरू अति आवश्यक छन् :

- मद्यपान र धूम्रपान परित्याग गर्नुहोस : एकपल्ट त्याग्न गाह्रो लागे पनि चिकित्सा सहायता, परामर्श र समर्थन समूहहरूको सहयोग लिने ।
- नियमित व्यायाम, योग वा ध्यान अभ्यास गर्ने ।
- स्वस्थ खानपानमा जोड दिनुहोस् फलफूल, सागसब्जी, र फाइबरयुक्त आहार अपनाउने ।
- मानसिक स्वास्थ्यको ख्याल राख्ने - तनाव व्यवस्थापनका उपायहरू प्रयोग गर्ने ।
- सकारात्मक सामाजिक सम्बन्ध र सामुदायिक सक्रियता बढाउने ।

साभार

तरकारी र फलफुलमा रासायनिक विषादीको अवशेष कम गर्ने उपायहरु

उपभोक्ता : विषादी खानेकुरा, हावा र पानीबाट हाम्रो सम्पर्कमा आउने भएकाले खानेकुराबाट आउने विषादीलाई त्यसको मात्रा कम गर्न देहायका उपायहरु अपनाउनु पर्दछ । विषादीको अवशेष कम गर्ने बारेमा विभिन्न अनुसन्धान कर्ताले गरेका अनुसन्धानहरुले देहायका नितिजा देखाएको पाइएको छ ।

- पानीले धुने
- बाहिरी पातहरु फाल्ने र बोक्रा ताछ्ने
- सुख्खा बनाउने
- पकाएर खाने
- फ्रिजमा राख्ने
- निर्मलीकरण
- प्रसोधन गर्ने
- जुस वनाउँदा
- अमिल्याउने
- शुक्ष्म जीवाणुको प्रकोप कम गर्ने

निष्कर्ष र सुझाव : कृषि वालीहरु उत्पादन गर्दा र भण्डारणमा देखिने रोग कीरा नियन्त्रण गर्न संभव भएसम्म रासायनिक विषादीहरुको विकल्प खोज्ने, आवश्यक पर्ने नै भएमा सुरक्षित र प्रभावकारी विषादी सुरक्षित तरिकाले छर्ने, पर्खने अवधिपछि मात्र टिप्ने, विषादीको सम्पर्कमा हुने विभिन्न व्यवसायमा संलग्न व्यक्तिहरुले विषादीको सम्पर्कमा रहँदा शरिरभित्र नपस्ने सुरक्षित पहिरन लगाउने, घर र भान्सामा आएको फलफुल र तरकारीलाई माथि भनिएका विषादीको अवशेष कम गराउने उपायहरु अपनाउन सकिएमा मानिस पशुपन्छी वा समुदायमा विषादीबाट हुने तत्काल र दीर्घकालीन असर न्यून गर्न सकिन्छ ।

साभार : विषादीको प्रयोग विधि पुस्तिका

आदरणीय वडाबासी महानुभावहरुमा
३ नं. वडा कार्यालय हार्दिक अनुरोध गर्दछ ।

आफ्नो घर आँगन आफै सफा राखौं ।

कुहिने र नकुहिने फोहोर छुट्याएर मात्र फोहोर फाल्ने बानी बसालौं ।

आफूलाई मन नपर्ने फोहोर कसलाई मन पर्छ र ?

त्यसैले,

जथाभावी फोहोर फालेको भेट्टीएमा,

फुटपाथ अवरोध र अतिक्रमण गरेमा,

उपभोग्य सामाग्रीको गुणस्तर र मूल्यसूची नभएमा,

स्वीकृति नलिई व्यवसाय वा बिज्ञापन गरेमा

कानून बमोजिम कडा कारवाही हुने व्यहोरा जानकारी गराईन्छ ।

भूकम्प प्रतिरोधात्मक घर बनाऔं, निर्माण सम्पन्न लिने गरौं ।

स्वस्थ र खुसी जीवनका लागि

- सकारात्मक सोच राख्ने
- व्यर्थको अपेक्षाहरु नराख्ने
- चिन्ता नगर्ने
- अरुको खुसी, सफलताबाट दुःखी नहुने
- आफ्नो हैसियतले भ्याउने काम मात्र गर्ने
- सम्बन्ध र मित्रतालाई सजिलोसँग निभाउने
- देखावटी कुराहरुबाट टाढा रहने
- आँफैलाई उचित महत्व दिने
- सानो सानो सफलतामा आनन्द लिने
- आफ्नो हार वा कमजोरी स्विकार्न सिक्ने

ढिलो नगरौं, समयमै कागज बनाऔं ।

१. घटना घटेको ३५ दिनभित्र घटना दर्ता (जन्म, मृत्यु, बसाइ सराई, विवाह र सम्वन्ध विच्छेद) गर्ने गरौं ।

२) १६ वर्ष पूरा भएपछि नागरिकता बनाऔं ।

३) १८ वर्ष पूरा भएपछि मतदाता परिचयपत्र बनाउने गरौं ।

४) नागरिकता प्राप्त गरेका सबैले राष्ट्रिय परिचयपत्र बनाउने गरौं ।

५) ६० वर्ष पूरा भएपछि जेष्ठ नागरिक कार्ड बनाऔं ।

६) ७० वर्ष पूरा भएपछि सामाजिक सुरक्षा भत्ताको लागि आवेदन दिने गरौं ।

७) सामाजिक सुरक्षा भत्ता पाएपछि हरेक वर्षको श्रावण र भदौ महिना भित्र नवीकरण गर्ने गरौं ।

८) ६० वर्ष पूरा भएका एक्कल महिलाले सामाजिक सुरक्षा भत्ताको लागि आवेदन दिने गरौं ।

९) पतिको मृत्यु पश्चात मृत्यु दर्ता प्रमाणपत्र लिई सामाजिक सुरक्षा विधवा भत्ताको लागि आवेदन दिने गरौं ।

१०) अपांगता भएका व्यक्तिका लागि पाटन अस्पतालको ५ नं. कोठामा जचाई सो को रिपोर्ट राखी सामाजिक सुरक्षा भत्ताको लागि आवेदन दिने गरौं ।

११) स्वास्थ्य परीक्षणको लागि "हाम्रो घर" सम्झनु होला ।

सूचना

३ न. वडा क्षेत्रभित्र "गाडी चार्जर" मा ईभि चार्जमा १५% छुट लिन नाम टिपाउनु होला ।

३ न.वडा कार्यालय, सम्पर्क : ९८५१०९२९४८

DATE | DD | MM | YYYY

DATE | DD | MM | YYYY

“समन्वय, सहमति र सहकार्य नै राजनैतिक संस्कार हो ।”